# मिश्रित दाँत निक्लिने चरणसम्बन्धी क्वेरीहरू

मिश्रित दाँत निक्लिने चरणको आगमनको अर्थ तपाईंको बच्चा विकासको अर्को स्तरमा उन्नत हुनुभएको छ भन्ने हो। अभिभावकको रूपमा, तपाईं यस्तो भएको देख्दा हर्षित हुनुपर्छ। यद्यपि, तपाईं वा तपाईंको बच्चालाई मिश्रित दाँत निक्लिने चरणसम्बन्धी कुनै चिन्ताहरू छन्?

## *मिश्रित दाँत निक्लिने चरण भनेको के हो?*

मिश्रित दाँत निक्लिने चरणको अवधिमा, झरेर जाने दाँत हल्लिन सुरु हुनेछन्। तिनीहरू अन्ततः एक-एक गर्दै झर्छन् र त्यसपश्चात तिनीहरूको तल हुने स्थायी दाँतहरू तिनीहरूको ठाउँमा उम्रन्छन्। यो झरेर जाने दाँत र स्थायी दाँतहरू दुबै एकैपटक मुखमा हुने समय हो। यो मिश्रित दाँत निक्लिने अवधि सामान्यतया 6 वर्षको उमेरदेखि लगभग 13 वर्षको उमेरसम्म हुन्छ।

### *स्थायी दाँत निक्लिने सामान्य अनुक्रम:*

6 देखि 8 वर्षबीचको उमेरमा, पहिलो स्थायी बङ्गारा निस्कन्छ र झरेर जाने चपाउने दाँतहरूलाई स्थायी चपाउने दाँतहरूले क्रमिक रूपमा प्रतिस्थापन गर्छन्।
8.5 देखि 14 वर्षबीचको उमेरमा, आफ्ना झरेर जाने पूर्वजहरूलाई प्रतिस्थापन गर्न तिखा दाँत, प्रिमोलार र सेकेण्ड मोलारहरू निस्कन्छन्।
थर्ड मोलारहरू (बुद्धि बङ्गारा) 17 देखि 25 वर्षबीचको उमेरमा निस्कन्छन्, तर यो भिन्न व्यक्तिहरूमा भिन्न-भिन्न हुन्छ। तिनीहरू निस्कन वा ननिस्कन पनि सक्छन्।

## *कुनै पनि पूर्वजबिना शान्त भएर निस्कने स्थायी दाँत कुन हो?*



लगभग 6 वर्षको उमेरमा, मुखका 4 वटा कुनामा दोस्रो झरेर जाने बङ्गाराहरूको सिधै पछाडि पहिलो स्थायी बङ्गाराहरू निस्कनेछन्। तिनीहरूलाई “छ-वर्षको बङ्गारा” पनि भनिन्छ।

80% भन्दा बढी खराब भएका स्थायी दाँतहरू “छ वर्षको बङ्गारा” हुन् भनी अनुसन्धानले देखाएको छ। तिनीहरू मध्ये धेरैजसो निस्कने बित्तिकै खराब हुन्छन्। मुख्य कारण बालबालिकाहरू तिनीहरूको उपस्थितिको बारेमा अचेत हुन्छन् र तसर्थ तिनीहरूको स्याहारमा ध्यान दिँदैनन्। त्यसकारण, अभिभावकहरूले आफ्ना बच्चाहरूले मुखका कुनाहरूमा हुने यी दाँतहरूलाई फ्लोराइड टुथपेस्टले ब्रश गर्छन् भनी सुनिश्चित गर्नुपर्छ। अभिभावकहरूले आफ्नो बच्चाका दाँतहरूलाई स्वस्थकर राख्न आफ्ना बालबालिकाहरूलाई वर्षमा एक पटक जाँच गर्नका लागि दन्त चिकित्सककोमा लैजान पनि सम्झनुपर्छ।

## *नयाँ चपाउने दाँतहरूमा चुच्चो किनाराहरू किन हुन्छन्?*



नयाँ चपाउने दाँतहरूमा चुच्तो किनारा वा "मामेलोन्स" हुनु स्वाभविक हो। तिनीहरू प्राय: जीर्ण हुन्छन् र केही समयपछि समतल हुन्छन्।



## *अगाडिका दुई वटा स्थायी चपाउने दाँत निस्कँदा तिनीहरूको बीचमा ग्याप हुन्छ र तिनीहरू चम्किलो देखिन्छन् भने, मेरो बच्चालाई ब्रेसहरू आवश्यक पर्छ?*

यो अवस्थालाई "आफै ठीक हुँदै जाने अवस्था" मानिन्छ। यो एउटा ट्रान्जिस्नल चरण मात्र हो। सामान्य परिस्थितिहरूमा, बङ्गारा बलियो हुँदै गएर वृद्धि भएपछि र तिखा दाँतहरू निस्किएपछि, चपाउने दाँतहरू सिधा हुन्छन् र ग्याप पूरा हुनेछ।



## *झरेर जाने चपाउने दाँतहरू नझर्दै स्थायी चपाउने दाँतहरू निस्कन्छन् भने, झरेर जाने चपाउने दाँतहरूलाई हटाउन आवश्यक हुन्छ?*

सामान्यतया कुरा गर्दा, झरेर जाने दाँत झर्नेछ र स्थायी दाँतले त्यसलाई प्रतिस्थापन गर्नेछ। जिब्रोले स्थायी दाँतलाई क्रमिक रूपमा दन्त आर्कका सामान्य स्थानहरूतर्फ धकेल्नेछ। सोही समयमा, झरेर जाने चपाउने दाँतहरू खुकुलो भएर झर्नेछन्, त्यसकारण झरेर जाने चपाउने दाँतहरूलाई हटाउन आवश्यक पर्दैन।



स्थायी चपाउने दाँतहरू निक्लने

## *यदि स्थायी चपाउने दाँतहरू बाङ्गो भएमा, तिनीहरूलाई सिधा पार्नका लागि छेउको झरेर जाने दाँतलाई हटाउन आवश्यक हुन्छ?*

स्थायी दाँतहरू झरेर जाने दाँतहरूभन्दा लामो हुने हुनाले र स्थायी दाँत निस्कनाले बङ्गाराको वृद्धि भएको छैन भने, सिधा पंक्तिबद्ध हुनका लागि पर्याप्त ठाउँ हुनेछैन र स्थायी दाँतहरू अस्थायी रूपमा बाङ्गो हुनेछन्। सबै झरेर जाने दाँतहरूलाई स्थायी दाँतहरूले प्रतिस्थापन गरेपछि र बङ्गाराको वृद्धि स्थायी भएपछि मात्र हामीले वास्तविक रूपमा दाँतहरू बाङ्गो हुन्छन् वा हुँदैनन् भनी निर्धारण गर्न सक्छौं। यस बीच, तपाईंसँगग कुनै पनि क्वेरी छ भने, तपाईंले तिनीहरूलाई आफ्नो दन्त चिकित्सकसँग छलफल गर्न सक्नुहुन्छ।



## *ब्रेसहरू (अर्थोडोन्टिक उपचार)को लागि एकदमै उपयुक्त समय कुन हो?*

सामान्यतया, सबै स्थायी दाँतहरू निस्किएपछि र बङ्गाराको पूर्ण विकासपछि दाँतहरू गलत रूपमा पंक्तिबद्ध भएको निश्चित भएमा अर्थोडोन्टिक उपचार आवश्यक हुन्छ।

## *झर्न ढिला भएका झरेर जाने दाँतले स्थायी दाँतको उचित पङ्क्तिवद्धमा हस्तक्षेप गर्नेछ?*

झरेर जाने दाँतहरू साना, जराहरू सुख्खा हुने र दाँतहरू खुकुलो हुने हुनाले, तिनीहरूले स्थायी दाँतको पंक्तिबद्धलाई हस्तक्षेप गर्न सक्दैनन्।

दाँत ट्रान्जिसनको अवधिमा धेरै अप्रत्याशित अवस्थाहरू हुनसक्छन्। भाग्यवश, धेरैजसो ट्रान्जिस्नल हुन्छन्। तपाईंसँग कुनै पनि क्वेरी भएमा, तपाईंले आफ्नो दन्त चिकित्सकसँग परामर्श लिनुपर्छ। उहाँले तपाईंको बच्चाको दाँत निक्लिने बारे अवलोकन र फलो-अप गरेर तपाईंलाई उचित सुझाव दिनुहुनेछ।